'समानो मन्त्रः समितिः समानी'

# UNIVERSITY OF NORTH BENGAL

B.A. Honours 3rd Semester Examination, 2022

## CC7-NEPALI

## नेपाली उपन्यास

Time Allotted: 2 Hours — Full Marks: 60

*The figures in the margin indicate full marks.*

### समूह-क

1. तलका कुनै चारवटा प्रश्नका उत्तर लेख्नुहोस् – 3×4 = 12

(क) 'उपन्यास' शब्दको व्युत्पतिमुलक अर्थ के हो ? स्पष्ट पार्नुहोस्।

(ख) 'गोला चरित्र' भन्नाले के बुझिन्छ, आफुले पढेको कुनै उपन्यासका चरित्रको उदाहरण दिएर बुझाउनुहोस्।

(ग) नेपाली साहित्यको इतिहासमा पहिलो यथार्थवादी उपन्यास लेख्ने उपन्यासकार कसलाई मानिन्छ ? सम्बन्धित उपन्यासको नाम लेख्नुहोस्।

(घ) पुष्प राईको पहिलो प्रकाशित उपन्यासको नाम के हो ? यो कहिले प्रकाशित भएको थियो ?

(ङ) प्रासङ्गिक कथावस्तु भन्नाले के बुझिन्छ, उदाहरण दिएर स्पष्ट पार्नुहोस्।

(च) विश्वेश्वरप्रसाद कोइराला कुन प्रवृत्तिका उपन्यासकार हुन् ? 'तीन घुम्ती' बाहेक उनका अरु दुईवटा उपन्यासका नाम लेख्नुहोस्।

### समूह-ख

2. कुनै चारवटा विषयमा टिप्पणी लेख्नुहोस् – 6×4 = 24

(क) 'मध्यान्तर' उपन्यासका प्रमुख विशेषताहरू

(ख) 'भ्रमर' उपन्यासमा चित्रित नेपाली समाज

(ग) उपन्यासमा स्थान काल र वातावरणको महत्व

(घ) 'जुनेली रेखा' उपन्यासमा पाइने चियाबारीको जनजीवन

(ङ) आधुनिक नेपाली उपन्यास र उपन्यासकार

(च) 'लङ्गडाको साकी' उपन्यासमा चित्रित मृत्यु योजना।

### समूह-ग

3. तलका कुनै दुईवटा प्रश्नका उत्तर लेख्नुहोस् – 12×2 = 24

(क) 'तीन घुम्ती' उपन्यासमा नायिका इन्द्रमायाले लिएका तीनवटा निर्णयहरूको समीक्षा गर्नुहोस्।

(ख) उपन्यासकारका रूपमा लैनसिंह बाङ्देलको परिचय दिँदै अतियथार्थवादी सिद्धान्तका आधारमा 'लङ्गडाको साथी' उपन्यासको समीक्षा गर्नुहोस्।

(ग) उपन्यासका विविध तत्त्वहरूका आधारमा 'जुनेली रेखा' उपन्यासको विश्लेषण गर्नुहोस्।

(घ) पारिजातका प्रकाशित उपन्यासहरूको सङ्क्षिप्त परिचय दिँदै 'पर्खाल भित्र र बाहिर' उपन्यासमा चित्रित नारी सङ्घर्षको परिचर्चा गर्नुहोस्।

——×——